# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १० गते २०३६ साल

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६ को दफा ३७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यका सबै कारखानामा काम गर्ने मजदूरहरूको लागि २०३६ साल वैशाख १ गतेदेखि लागू हुने गरी देहायबमोजिमको न्यूनतम वेतन दर तोकेको छ :–

| मजदूरको वर्गीकरण | मासिक न्यूनतम वेतन दर रू. |
|---|---|
| १. अदक्ष मजदूर | २००।– |
| २. अर्धदक्ष मजदूर | २३०।– |
| ३. दक्ष मजदूर | २६०।– |
| ४. उच्च दक्ष मजदूर | ३६०।– |

द्रष्टव्य :

(१) उपर्युक्त न्यूनतम वेतन लागू भएको समयमा कुनै अदक्ष मजदूरले रू. २००।– वा सो भन्दा बढी, अर्धदक्ष मजदूरले रू. २३०।– वा सो भन्दा बढी, दक्ष मजदूरले रू. २६०।– वा सो भन्दा बढी र उच्च दक्ष मजदूरले रू. ३६०।– वा सो भन्दा बढी वेतन खाइपाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आएको छ भने निजले खाइपाई आएको मासिक वेतनमा रू. ५०।– (पचास) प्रति महीना महँगी भत्ताको रूपमा २०३५ साल चैत्र १ गतेदेखि नै लागू हुने गरी थप दिनु पर्नेछ। यसरी थप हुने महँगी भत्तालाई वेतनमा भएको थप मानिने छैन र नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६ तथा नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी नियमहरू, २०१९ मा भएका व्यवस्था अनुरूप उपदान, सञ्चयकोष, कल्याणकारीकोष, औषधोपचार, घरभाडा आदिमा पर्न सक्ने दायित्वका लागि उक्त महँगी भत्ताको गणना गरिने छैन। क्याजुयल र बदलीमा काम गर्ने मजदूरहरूको हकमा भने यस प्रकारको महँगी भत्ता दिनु पर्ने छैन।

(२) मजदूरको वर्गीकरण गर्दा कार्य क्षमता, कामको जोखिमपन, उत्तरदायित्व इत्यादिलाई आधार मानिनु पर्दछ। यस अनुसार वर्गीकरण गर्दा सम्बन्धित इलाकाको कारखाना निरीक्षक, मजदूर प्रतिनिधि र व्यवस्थापक प्रतिनिधि बसी गर्नु पर्नेछ।

(३) महिला र पुरुषले एकै किसिमको काम गरेमा दुवैलाई एकै किसिमको वेतन दिनु पर्दछ।

(४) नयाँ स्थापित हुने कारखानाका हकमा श्री ५ को सरकारले आवश्यक संझेमा केही समयको निमित्त न्यूनतम वेतन लागू नहुने भनी छुट् दिन सक्नेछ।

(५) दैनिक ज्यालामा काम लगाउन पर्दा त्यस्तालाई दैनिक रू. ८।– भन्दा कम ज्याला दिनु हुँदैन।

खण्ड १५ मिति २०२२।२।१८ संख्या ७, खण्ड २३ मिति २०३०।७।२७ संख्या ३० र खण्ड २५ मिति २०३२।६।२१ संख्या ३८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित न्यूनतम वेतनसम्बन्धी यस मन्त्रालयका सूचनाहरू खारेज गरिएका छन्

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

९०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।